**निर्वाचन अधिकृतको कार्यालय**

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था,

आइक्यान मार्ग, सातदोबाटो ललितपुर

मिति : २०८२/०३/२९

# सूचना

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ७(४) तथा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ८६ बमोजिम नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको दशौं परिषदको दोश्रो कार्यकालको अध्यक्ष र उपाध्यक्ष पदको निर्वाचनको लागि २०८२/०३/२६ मा प्रकाशित निर्वाचन कार्यतालिका बमोजिमको निर्वाचन कार्यक्रम प्रयोजनार्थ नेपाल चार्टर्ड एकाउन्टेन्ट्स निर्वाचन कार्यविधि, २०७७ (पहिलो संशोधन २०८०) अनुसार हुने निर्वाचनमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको निर्वाचन सम्बन्धि आचार संहिता, २०७७ मिति २०८२/०३/२९ देखि निर्वाचन परिणाम घोषणा नभईन्जेलसम्म लागू रहने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि सूचना जारी गरिएको व्यहोरा अनुरोध छ ।

...................................

शंकर प्रसाद पन्थी

निर्वाचन अधिकृत

मिति : २०८२/०३/२९

समय : बिहान १७:०० बजे

# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको

# निर्वाचन सम्बन्धी आचार संहिता, २०७७

## निर्वाचन अधिकृतको कार्यालय

**नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था**
आइक्यान मार्ग, सातदोबाटो, ललितपुर

# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको पार्षद निर्वाचन सम्बन्धी आचार संहिता, २०७७

निर्वाचन निष्पक्ष, स्वतन्त्र र धाँधलीरहित हुनका लागि यसलाई कम खर्चिलो, अनुचित प्रतिस्पर्धाबाट मुक्त र तडक भडकविहीन बनाई सबल सक्षम पार्षद चयन गर्न वाञ्छनीय देखिएकोले,

निर्वाचन अधिकृतले परिषद्सँग छलफल गरी यो आचार संहिता बनाएको छ ।

यस आचार संहितालाई पालन गर्नु संस्थाका अध्यक्ष, उपाध्यक्ष, पार्षद, कर्मचारी, उम्मेदवार तथा निजहरूसँग सम्बन्धित व्यक्तिहरूको कर्तव्य हुनेछ ।

यो आचार संहिता निर्वाचन अधिकृतले तोकेको मितिदेखि लागु हुनेछ ।

## खण्ड – क
## उम्मेदवारले पालना गर्नुपर्ने आचरण

उम्मेदवार तथा निजहरूसँग सम्बन्धित व्यक्तिहरूले निर्वाचन अभियान सञ्चालन गर्दा निम्नलिखित आचरणहरू पालना गर्नु गराउनुपर्दछ:

१. कुनै धर्म, लिङ्ग, सम्प्रदाय, जात, जाति, भाषा वा प्रादेशिकताको आधारमा घृणा वा द्वेष उत्पन्न गर्ने गरी प्रचार प्रसार गर्नु तथा सोही आधारमा मतदान गर्न मतदाताहरूलाई प्रेरित गर्नु गराउनु हुँदैन ।

२. कुनै उम्मेदवारले अन्य उम्मेदवारको आलोचना गर्दा त्यस्ता उम्मेदवारको नीति, कार्यक्रम तथा सार्वजनिक क्रियाकलापमा मात्र सीमित रही त्यस्तो उम्मेदवार वा निजहरूको परिवारका सदस्यहरूको निजी जीवनसँग सम्बन्धित कुराको आलोचना हुने वा चरित्र हत्या हुने गरी प्रचार प्रसार गर्नु गराउनु हुँदैन ।

३. कुनै पनि उम्मेदवारले एक अर्काको प्रजातान्त्रिक अधिकार हनन गर्नु हुँदैन र प्रचार प्रसारको सन्दर्भमा प्रयोग गरिने भाषा अशिष्ट एवं असंयमित हुनु हुँदैन ।

४. कुनै उम्मेदवारले मतदातालाई प्रभाव पार्ने उद्देश्यले कुनै प्रकारले नगद वा जिन्सी उपहार लिनु दिनु हुँदैन ।

५. प्रचार प्रसारको क्रममा कुनै पनि स्थानमा रङ वा इनामेलले लेख्नु वा लेखाउनु हुँदैन ।

६. कुनै पनि धार्मिक, पुरातात्विक वा ऐतिहासिक भवन, निजी घर, स्मारक स्थल वा सरकारी वा सार्वजनिक स्थल वा मतदान केन्द्र, भित्ता पर्खालमा कुनै पोष्टर, पम्पलेट वा पर्चा टाँस्न हुँदैन ।

८. निर्वाचन अधिकृतद्वारा वितरित निर्वाचनसम्बन्धी प्रचार सामग्री वा सूचनालाई कसैले पनि बिगार्न, नास्न, केरमेट गर्न वा अन्य कुनै किसिमबाट थपघट गर्न गराउन हुँदैन ।

९. सार्वजनिक स्थानमा तुल वा अन्य कुनै प्रकारको कपडा तथा व्यानर प्रदर्शन गरी प्रचार प्रसार गर्न गराउन हुँदैन तर सभा र सवारी साधनमा कपडा प्रयोग गरी उम्मेदवारले आफ्नो प्रसार प्रसार गर्न पाइनेछ ।

१०. प्रचारको क्रममा बढीमा ६० ग्रामसम्मको कागजमा बढीमा ६"×१०" साइजको पर्चा मात्र प्रयोग गर्न पाइनेछ । यस्तो पर्चा एक रङमा मात्र छपाउनुपर्नेछ ।

११. प्रचार प्रसार वा सभामा भाग लिने व्यक्तिहरूले हातमा बढीमा ६"×१०" सम्मको साइजको प्रचार प्रसार सामग्री लिन पाइनेछ ।

१२. प्रचार प्रसारको लागि कुनै प्रकारको प्लाष्टिकको सामग्री प्रयोग गर्न पाइने छैन ।

१३. उम्मेदवारहरूले निर्वाचनको क्रममा प्रयोग गर्ने सवारी साधनको विवरण निर्वाचन अधिकृतलाई लिखित रूपमा दिनुपर्नेछ ।

१४. आमसभा, जनसभा, कोणसभा बिहान ७ बजेदेखि साँझ ७ बजेसम्म बाहेक अरु समयमा गर्न पाइने छैन ।

१५. जुलुस, र्‍याली वा आमसभा गर्न परेमा निर्वाचन अधिकृत र स्थानीय प्रशासनलाई जानकारी गराएर मात्र गर्नुपर्नेछ ।

१६. कसैले पनि कुनै किसिमको डर, त्रास, धम्की दिई वा बल प्रयोग गरी वा प्रलोभन दिई निर्वाचनसँग सम्बद्ध कर्मचारी तथा शान्ति सुरक्षासम्बन्धी अधिकारीहरूलाई आफ्नो कर्तव्य पालन गर्नबाट विचलित गराउनु हुँदैन ।

१७. कसैले पनि मतदातालाई डर, धाँक, धम्की वा त्रास वा प्रलोभन वा धर्म, लिङ्ग झल्काउने जस्तो काम गरी निजको इच्छा विपरीत मतदान गर्न बाध्य गर्नु गराउनु हुँदैन ।

१८. निर्वाचन विथोल्ने वा निर्वाचनप्रति वितृष्णा पैदा हुने वा निर्वाचनमा भ्रम सिर्जना हुने वा निर्वाचनमा अवरोध हुने गरी कुनै कार्य गर्नु गराउनु हुँदैन ।

१९. मतदाताहरूलाई मतदान गर्नबाट वञ्चित गराउने अभिप्रायले कुनै पनि किसिमको अवरोध वा थुनछेक गर्नु गराउनु हुँदैन ।

२०. कुनै पनि उम्मेदवारले वा निजका प्रतिनिधि वा कुनै व्यक्तिले बल प्रयोग गरी वा डर, त्रास देखाई वा धम्की दिई वा प्रलोभन दिई मतदान केन्द्र आफ्नो कब्जामा लिनु वा मतपत्र वा मतपेटिका वा मतदान सामग्री जबर्जस्ती हत्याउनु वा खोस्नु, नास्नु वा बिगार्नु हुँदैन ।

२१. कुनै पनि उम्मेदवारले वा निजका प्रतिनिधि वा वहालवाला परिषदका अध्यक्ष, उपाध्यक्ष, पार्षद तथा पदाधिकारीले संस्थाको प्रतिनिधित्वमा गएका कार्यक्रमहरुमा आफ्नो वा कुनै उम्मेदवारको पक्षमा मतदानको लागि प्रचार पसार गर्न पाइने छैन ।

२२. कुनै पनि उम्मेदवारले मनोनयनपत्र दाखिला गर्नको निमित्त जुलुस लिएर जान हुँदैन ।

२३. पार्षदको उम्मेदवार दर्ता गराए पस्चात ती उम्मेदवारहरु संस्थाले संचालन गर्ने बिभिन्न कार्यक्रमहरु जस्तै CPE, सभा, सेमिनार, करियर काउन्सेलिगं आदिमा श्रोत व्ययक्तिको रुपमा परिचालन गर्ने/गराउन पाइने छैन ।

२४. मतदानको दिन मतदाताहरूलाई प्रभाव पार्ने गरी बस, ट्रक, जीप वा अन्य कुनै सवारी साधनबाट ओसार पसार गर्नु गराउनु हुँदैन ।

२५. मतदान कार्य वा मतगणना समेत बिना अवरोध सबै ठाउँमा निर्वाधरूपमा सञ्चालन हुन दिनुपर्छ र त्यसको लागि जो चाहिने उपयुक्त वातावरणको सिर्जना गरिदिनु सबैको कर्तव्य हुनेछ ।

२०५३

२६. कुनै पनि उम्मेदवारले आफ्नो समर्थकहरूलाई निर्वाचनसम्बन्धी आचार संहिताको पूर्णरूपमा जानकारी दिई सोको पालना गर्न गराउन लगाउनुपर्नेछ । यसको जिम्मेवारी सम्बन्धित उम्मेदवारले लिनुपर्नेछ ।

२७. कुनै पनि उम्मेदवारले निर्वाचनको क्रममा संस्थाको ऐन, नियम, आदेश तथा निर्देशिकाहरूमा भएका व्यवस्थालाई पूर्णरूपमा पालना गर्नु गराउनुपर्दछ ।

२८. उम्मेदवारले आफ्ना समर्थकहरूलाई अरु उम्मेदवारहरूको प्रचार प्रसार वा आमसभा विथोल्न वा बाधा पुऱ्याउनबाट रोक लगाउनुपर्दछ ।

२९. निर्वाचनको क्रममा निर्वाचन अधिकृतले जारी गरेका आदेश निर्देशनहरु उमेद्वार र उमेद्वारको प्रतिनिधिहरुले पालना गर्नु गराउनु पर्दछ ।

३०. हाल कोभिद-१९ को संक्रमणको अवस्था हुनाले स्वास्थ्य मन्त्रालयले जारी गरेको स्वास्थ्य मापदण्ड पालना गरी प्रचार प्रसार र निर्वाचन सम्बन्धि अन्य कार्य गर्नुपर्नेछ ।

## खण्ड – ख
## निर्वाचन खर्च

उम्मेदवारहरूले निर्वाचन अभियान सञ्चालन गर्दा गरिने खर्चका सम्बन्धमा निम्नलिखित आचरण पालना गर्नु गराउनुपर्दछः

१. निर्वाचनसम्बन्धी कार्यमा खर्च गर्दा रु.७५,०००।– (पचहत्तर हजार रुपैयाँ) को सीमाभन्दा बढी खर्च गर्न हुँदैन । सो प्रयोजनको लागि अनुसूची १ बमोजिमको ढाँचामा खर्चको विवरण देखिने गरी सबै उम्मेदवारले खर्चको फाँटवारी राख्नुपर्नेछ । निर्वाचित उम्मेदवारले निर्वाचन खर्चको विवरण निज उम्मेदवार भएको पदको परिणामको घोषणा भएको मितिले तीस दिनभित्र अनुसूची २ बमोजिमको ढाँचामा निर्वाचन अधिकृतलाई बुझाउनुपर्नेछ ।

२. प्रत्येक उम्मेदवारले निर्वाचनको कार्यमा स्वयं वा आफ्नो प्रतिनिधिद्वारा मात्र खर्च गर्नु गराउनुपर्नेछ ।

३. आचार संहिता विपरीत तुल टाँग्ने, इनामेल वा अन्य रङबाट भित्ता वा पर्खालमा लेखेमा वा पर्चा पप्लेट टाँसेमा सो हटाउन वा मेटाउन लगाई सो गर्दा लाग्ने खर्च समेत निर्वाचन खर्चमा समावेश गरिनेछ ।

## खण्ड – ग
## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले पालना गर्नुपर्ने आचरण

१. संस्थाको काम र निर्वाचनको काम भिन्नाभिन्नै भएकाले संस्थाले निर्वाचन कामको खर्चलाई आफ्नो नियमित कामको खर्चमा मिसाउनु हुँदैन ।

२. संस्थाका कर्मचारीहरूलाई कुनै पनि उम्मेदवारले आफ्नो वा अन्य कुनै उम्मेदवारको पक्षको प्रचार प्रसारको काममा वा निर्वाचनको परिणाममा प्रभाव पार्ने खालको काममा प्रयोग गर्नु गराउनु हुँदैन । संस्थाका कर्मचारीले पनि त्यस्तो काम गर्नु हुँदैन ।

३. संस्थाका सवारी साधन, अन्य साधन वा सम्पत्तिलाई उम्मेदवारको निर्वाचनसम्बन्धी काममा प्रयोग गर्नु गराउनु हुँदैन ।

४. संस्थाको भवन, अतिथि गृह, चौर, खेल मैदान, सभागृह वा त्यस्तै अन्य साधन र सुविधालाई कुनै उम्मेदवार वा निजको निर्वाचनसम्बन्धी प्रचार प्रसारमा संलग्न अन्य व्यक्तिहरूलाई समेत प्रयोग गर्न दिनु हुँदैन ।

५. पार्षद, अध्यक्ष, उपाध्यक्ष, पदाधिकारी, कर्मचारीले निर्वाचन बिथोल्ने वा निर्वाचनप्रति वितृष्णा पैदा हुने वा निर्वाचनमा भ्रम सिर्जना हुने वा निर्वाचनमा अवरोध हुने कुनै काम गर्नु गराउनु हुँदैन ।

६. बहाल रहेका पार्षद, अध्यक्ष, उपाध्यक्ष वा पदाधिकारीले प्रयोग गर्ने संस्थाको सवारी साधन लगायत अन्य साधन, स्रोत र सहुलियत उम्मेदवारको प्रचार प्रसारको काममा प्रयोग गर्नु गराउनु हुँदैन ।

७. निर्वाचनको काममा बाधा पर्ने गरी संस्थाबाट निर्वाचनमा खटिएको कर्मचारीलाई निर्वाचन अधिकृतले स्वीकृति दिएमा बाहेक अन्यत्र सरुवा गर्न वा काज खटाउन वा कुनै कारणले रिक्त गर्न हुँदैन ।

## खण्ड – घ

## आचार संहिता पालनासम्बन्धी अनुगमन

१. आचार संहिताको पालना भएको छ छैन तत्सम्बन्धमा निर्वाचन अधिकृतले आवश्यकता अनुसार जाँचबुझ र अनुगमन गर्न गराउन सक्नेछ ।

२. आचार संहिता जाँचबुझ वा अनुगमन गर्दा कसैबाट आदेश वा आचार संहिता पालना नभएको वा उल्लङ्घन गरेको देखिएमा त्यस्तो काम तुरुन्त रोक्न वा वदर गर्नको लागि निर्वाचन अधिकृतले सम्बन्धित उम्मेदवार वा निर्वाचनसँग सम्बन्धित व्यक्ति वा पदाधिकारी वा संस्थालाई आदेश दिनेछ ।

३. आचार संहिता उल्लङ्घन भएको देखिए, बुझिए वा सुनिएमा सम्बन्धित निर्वाचत अधिकृत/ सहायक निर्वाचन अधिकृत/मनदान अधिकृत/सहायक मतदान अधिकृतले त्यस्तो कार्यको तुरुन्त रोकथाम गर्नुपर्नेछ । यसका लागि स्थानीय प्रशासन र स्थानीय प्रहरीबाट आवश्यकता अनुसार सहयोग लिन सकिनेछ ।

४. आचार संहिता उल्लङ्घनमा निर्वाचन अधिकृतले गरेको कारबाही सम्बन्धमा निर्वाचन अधिकृतले परिषद्मा जानकारी गराउनेछ ।

५. यो आचार संहिता अध्यक्ष/उपाध्यक्षको निर्वाचन र उपनिर्वाचनमा पनि लागु हुनेछ ।

६. यस आचार संहितामा उल्लिखित आचरणहरू पालन गर्नुपर्ने कर्तव्य भएका व्यक्तिहरूले पालन नगरेमा वा उल्लङ्घन गरेमा निर्वाचन (अपराध र सजाय) ऐन, २०४७ र प्रचलित नेपाल कानूनअनुसार कारबाही हुनेछ ।

७. अस्वभाविक वा निर्वाचनको स्वच्छतामा प्रतिकूल हुने गरी वा गैरकानूनी प्रयोजनको लागि अनुचित वा गैरकानूनी तवरले खर्च गरेको देखिएमा त्यस्तो उम्मेदवार वा व्यक्तिलाई निर्वाचन अधिकृतको सिफारिशमा परिषद्ले तत्कालैदेखि लागू हुने गरी वा छ वर्षसम्म कुनै पनि निर्वाचनमा उम्मेदवार हुन अयोग्य हुने गरी निर्णय गर्न सक्नेछ ।

८. संस्थाका पार्षद वा पदाधिकारी वा कर्मचारीहरूले यो आचार संहितामा उल्लेख गरिएको आचरण उल्लङ्घन गरेमा वा निर्वाचनमा असहयोग गरेमा वा संस्थाको ऐन, नियम, विनियमअनुसार हदैसम्मको कारबाही र सजाय हुनेछ ।

९. निर्वाचन आचारसंहिता पटक पटक उल्लघंन भएको प्रमाणित भएमा वा निर्वाचन अधिकृतले आचारसंहिता पालना सम्बन्धमा दिएको आदेश पालना नगरेमा निर्वाचन अधिकृतले सम्बन्धित उमेद्वारको उमेद्वार खारेजी वा निजको प्रतिनिधिलाई निर्वाचनको प्रक्रियामा संलग्न हुन नपाउने गरी निर्देशन दिन सक्नेछ ।

# निर्वाचन अधिकृतको कार्यालय

## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

## निर्वाचन आचार संहिता – २०७७

### अनुसूची – १

### <u>निर्वाचन खर्चको फाँटवारी/अभिलेख</u>

उमेद्वारः　　　　　　　　　　　　　　　　　　　　　पदः

| क.सं. | मिति | विवरण | भुक्तानी पाउने व्यक्ति, संस्था | | जम्मा रकम | | भक्तानी दिएको रकम | | भुक्तानी दिन बाँकी रकम | | भौचर बिल नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | नाम | ठेगाना | रू. | पै. | रू. | पै. | रू. | पै. | | |
| | | | | | | | | | | | | |

उम्मेदवार वा प्रतिनिधिकोः

मितिः ..........................　　　　(सही) .........................

नाम, थर .....................

# निर्वाचन अधिकृतको कार्यालय
# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

## निर्वाचन आचार संहिता – २०७७

### अनुसूची – २

### निर्वाचन खर्चको फाँटवारी

श्री निर्वाचन अधिकृतज्यू,
निर्वाचन अधिकृतको कार्यालय,
नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था,
आइक्यान मार्ग, सातदोबाटो, ललितपुर ।

महोदय,

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ७ अनुसारको रिक्त पार्षद पदको निर्वाचनमा म/श्री ........................ उम्मेदवार भएकोमा सो निर्वाचनमा मैले/निज उम्मेदवारले निर्वाचनसम्बन्धी गरेको सम्पूर्ण खर्चको विवरण निर्वाचन आचार संहिताबमोजिम खुलाई निर्वाचन परिणाम घोषणा भएको तीस (३०) दिनभित्र देहाय बमोजिम प्रस्तुत गरेको छु ।

### निर्वाचन खर्चको विवरण

| क.सं. | मिति | विवरण | भुक्तानी पाउने व्यक्ति, संस्था | | जम्मा रकम | | भक्तानी दिएको रकम | | भुक्तानी दिन बाँकी रकम | | भौचर नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | नाम | ठेगाना | रू. | पै. | रू. | पै. | रू. | पै. | | |
| | | | | | | | | | | | | |

मितिः ........................

उम्मेदवार वा प्रतिनिधिको:
(सही) ........................
नाम, थर ....................